नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्ष मनोनयन सिफारिस समितिको सूचना

(सूचना प्रकाशित मितिः २०८१।५।१७)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ को दफा ३ को उपदफा ३.२ को खण्ड ३.२.२ बमोजिम रिक्त उपाध्यक्षको मनोनयनको लागि सिफारिस गर्ने प्रयोजनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ को नियम ३ख. बमोजिम योग्यता पुगेका उम्मेदवारहरु मध्येबाट निवेदन माग गर्ने सम्बन्धमा मिति २०८१।५।१६ गते बसेको सिफारिस समितिको बैठकको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको उपाध्यक्ष मनोनयनको लागि सिफारिस समितिको बैठक तथा सिफारिस सम्बन्धी कार्यविधि,२०८१ मा निर्धारित प्रक्रिया र कागजातहरु संलग्न गरी उक्त कार्यविधिको अनुसूची -१ को ढाँचामा योग्यता पुगेका उम्मेदवारहरुले मिति २०८१।५।२६ गतेसम्म (कार्यालय समय भित्र) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सम्बन्धी ५००० (पाँच हजार) शब्दसम्मको कार्ययोजनासहितको सोचपत्र (Vision Paper with Work Plan) संलग्न गरी शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय (प्रशासन महाशाखा) मा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

CamScanner